## कृषि कार्यक्रमको [illegible] प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/१२/२१

आ.व २०८०/८१ मा यस मालारानी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०१/०५) भित्र यस कार्यालयमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायीक योजना, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात यस कार्यालयको सूचनापाटी तथा वेबसाईट www.malaranimun.gov.np बाट प्राप्त गर्न सकिन्छ। थप जानकारीको लागि मालारानी गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्न सकिन्छ।

रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ।

कार्यक्रम सञ्चालन हुने क्षेत्रः मालारानी गाउँपालिका ( कार्यक्रम अनुसार प्राविधिक रुपमा उपयुक्त स्थान हुनु पर्ने )

आवेदकको किसिमः कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारी संस्था

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | कृषि प्रविधि तथा यन्त्र उपकरण खरिद र हस्तान्तरण कार्यक्रम (५० प्रतिशत लागत सहभागिता) | कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारीलाई मिनिटिलर खरिदमा अनुदान। | कृषि फर्मको हकमा कम्तिमा २ रो. जग्गामा खेति गरेको हुनु पर्नेछ।<br>कृषक समुहको हकमा कम्तिमा १० रो. जग्गामा खेति गरेको हुनु पर्नेछ।<br>कृषि सहकारीको हकमा कम्तिमा २० रो. जग्गामा खेति गरेको हुनु पर्नेछ। | बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत। |
| २. | मौरि प्रवर्द्धन कार्यक्रम | कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारीलाई मौरीको घार (मौरी सहित) खरिदमा अनुदान। | कृषि फर्मको हकमा कम्तिमा ३ घार (मौरी सहित) भएको हुनु पर्नेछ।<br>कृषक समुहको हकमा कम्तिमा १५ वटा घार (मौरी सहित) भएको हुनु पर्नेछ।<br>सहकारीको हकमा कम्तिमा २५ घार (मौरी सहित) भएको हुनु पर्नेछ। | बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत। |
| ३. | प्लास्टिक टनेल वितरण कार्यक्रम | कृषि जन्य निजि फर्म / कृषक समुह / कृषि सहकारीलाई लागि प्लास्टिक टनेल खरिदमा अनुदान। | टनेल माग गर्ने कृषि फर्म/ कृषक समुह/ कृषक सहकारीले अनिवार्य रुपमा टनेलको लागि निर्माण गर्नु पर्ने पुर्वाधार संरचनाहरु तयार गरेको हुनु पर्नेछ। | बजेटको परिधि भित्र रही अधिकतम ५० प्रतिशत। |

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत

संलग्न गर्नु पर्ने कागजातहरुः

१.प्रस्तावकको निवेदन (अनुसूची-२) बमोजिमको ।

२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

३.दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)

४.स्थायी लेखा नं प्रमाणपत्र तथा हालको आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र को प्रतिलिपि (समुह/निजि फर्म/ सहकारी)

५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-३) बमोजिमको ।

६. सम्बन्धित वडाको सिफारीस पत्र (बुँदा नं १० र ११ लाई समेत उल्लेख गरी) ।

७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार सम्झौता कम्तिमा ५ वर्षको) ।

१०.गत आ.व मा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनको लागि अनुदान प्राप्त गरेको वा नगरेको खुल्ने कागजात ।

११.कृषि विकास बैंकबाट सहुलियत ऋण प्राप्त गरेको वा नगरेको खुल्ने कागजात ।

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत